मुक्ति पाउनलाई मैले के गर्नुपर्छ ? के देखि मुक्ति पाउने ? तपाईले के देखि मुक्ति पाउन प्रयास गर्नु भएको छ ? नरक ? यसले केही प्रमाणित गर्दैन । कोही त्यहाा जान चाहादैन । परमेश्वर र मानबीच रहेको मुख्य मुद्दा पाप हो । परमेश्वर र मानबीच रहेको मुख्य मुद्दा पाप हो । के तपाई त्यसदेखि छुटकारा पाउन इच्छुक हुनुहुन्छ ? पाप के हो ? परमेश्रको बिरुद्ध गरिएको प्रतिकारको विस्तृत रुप हो । आफैलाई पसन्न राख्न परमेश्वरको बचनको बेवास्ता गरिन्छ-सम्पूर्ण रीतिले भिन्न हुने प्रयास, चाहे त्यसले परमेश्वरलाई प्रसन्न गराओस् या दुःखी तुल्याओस् ।

मुक्ति दिलाउन अघि परमेश्वरले मानिसलाई आफ्ना पापहरु कबुल गराउनु हुन्छ। भनाईको तात्पर्य यो होइन कि त्यसले अरुको समक्ष गरेर त्यसो भन्दै कराओस्- "हो म पापी हुा , मलाई थाहा छ" बरु सिह अर्थमा बुझ्दा, पवित्र आत्माले हाम्रो हृदयभित्र हामीलाई महसुस गराउनु न्छ कि हामी आजीवन परमेश्वरका बिरोधी थियौं र हाम्रा पापहरु अनगिन्ती छन् ।

के यहाालाई कहिल्यै यस्तो महसुस भयो ? के यहााले आफू स्वर्गको वा पवित्र परमेश्वरको उपस्थिति पाउन अयोग्य भएको महशुस गर्नु भएको छ ? यहाालाई आफूमा कुनै असल कार्य नै नगरे जस्तो : परमेश्वरले रुचाउनु भएका कुराहरु घृणा गरेर उहाालाई मन नपर्ने कुरा अर्थात् कार्यहरु अङ्गाले जस्तो ?

के यस्ता कुराहरुले यहााको हृदय परमेश्वरको सामू टुटेको छ ? के यो यथार्थले यहाालाई मौन बनाएको छ ? के यी कुराहरले दुःखीत हुनुहुन्छ कि यहााले टुक्राउनु भयो- परमेश्वरको दया गलहत्याउनु भयो । उहााको आशिष इन्कार गर्नुभयो ? उहााले दिनु भएका उहाालाई वेवास्ता गनुएभयो ? उहााको बचन र दिनुभएका उहाालाई वास्तविक ठाउा आफ्नो सोचाईमा, हृदयमा अनि जीवनमा ? यदि अझैपनि यस्तो केही महसुस गर्नुभएको छैन भने यहाको जीजन व्यर्थ छ । कुनै आशाको किरण देखा पर्दैन, कारण प्रभु भन्नुहुन्छ-"तर तिमीहरुले पश्चाताप गरेनौं भने तिमीहरु सबै त्यसरी नै नास हुनेछौं ।" (लुका १३:३) र यदि यस्ता अन्जान अवस्थामा मृत्यु भएमा यहाा साधैको लागि हराउनु हुनेछ।

तर यदि तपाई यस्तो ठाउामा ल्याइनु भएको छ जहा पाप तपाईको लागि सबैभन्दा ठूलो टन्टा हो, जहाा परमेश्वरलाई गलहत्याउनु तपाईको लागि सबैभन्दा ठूलो अपराध हो अनि जहाा तपाईको भित्री चाहना परमेश्वरलाई खुसी पार्नु र आदर

गर्नु हो भने, तपाईको जीवनमा आशाको किरण अझै जीवित छ ।

"किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो" (लुका १९:१०) । यदि तपाई तयार हुनुहुन्छ, परमेश्वरका विरुद्धमा चलाइने हतियारहरु फाल्न इच्छुक हुनुहुन्छ ? उहाको सामू घुडा टेक्न र आफैलाई उहामा समर्पित गर्न चाहनु हुन्छ भने परमेश्वरले तपाईलाई पनि बचाउनु हुनेछ र मुक्तिको भागिदार बनाउनु हुनेछ ।

ख्रिष्टको रगतले सिन्दुरे रङ्गको पापलाई पनि पखालेर हिउजस्तो सेतो बनाउन सक्नुहुन्छ । उहाको अनुग्रहले दुर्बल र निकम्मालाई पनि सहायता गर्न सक्नुहुन्छ । उहाको शक्तिले थाकेका र परीक्षामा परेकाहरुलाई पनि छुटकारा दिलाउन सक्छ । किनभने उहा भन्नुहुन्छ-"ग्रहणयोग्य समयमा मैले तिम्रो पुकारा सुने, र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरे" (२ कोरिन्थी ६:२) । परमेश्वरमा आफैलाई समर्पण गर्नुहोस् आफ्नो हृदयको सिंहासना उहालाई राख्नुहोस्, आफ्नो जीवनको हरेक सिद्धान्तहरु उहातिर फर्काउनुहोस् । आफ्नो सारा मनले उहालाई प्रेम गर्नुहोस् । हाम्रो निम्ति उहाले दिनुभएको जीवनको बलिदानमा विश्वास गर्नुहोस् ।

आफ्नो सारा रीतिले उहाको आज्ञापालन गर्नुहोस् अनि उहाले तपाईलाई स्वर्गको भागिदार तुल्याउनु हुनेछ । "प्रभु येसु ख्रिष्टमा विश्वास गर्नुहोस् र तपाईले उद्धार (मुक्ति) पाउनु हुनेछ- तपाई र तपाईका परिवारले" (प्रेरित १६:३१) ।

Pastor Inaocha
Emmanuel Baptist Church
Kathmandu
Mobile: +9779819023647
e-mail: Inaocha@ebcnepal.net